आज मिति २०८२/ ०८ / २९ गते दिनको १:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँवर | |
| ४ | वडा नं २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं ३ वडा अध्यक्ष | चुल बहादुर कुँवर | |
| ६ | वडा नं ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं ५ वडा अध्यक्ष | बिष्णु बहादुर मगर | |
| ८ | वडा नं ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | |
| ९ | वडा नं ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं ९ वडा अध्यक्ष | कुल ब. कुँवर | |
| १२ | वडा नं १० वडा अध्यक्ष | प्रदिप कुँवर | |
| १३ | वडा नं ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १५ | वडा नं १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं १४ वडा अध्यक्ष | गोपाल बहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सिता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम बहादुर रम्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | |
| | अन्य उपस्थिति | | |
| | स्वास्थ्य शाखा प्र. | श्री [illegible] रेग्मी | |
| | योजना शाखा प्र. | श्री विजय नन्द उपाध्याय तिवारी | |
| | [illegible] अधिकृत | श्री रूपी रोका | |
| | प्रशासन शाखा प्र. | श्री [illegible] प्रसाद अधिकारी | |

न्यायिक [illegible] श्री भोला प्रसाद दवाडी
लेखा अधिकृत श्री सन्तोष [illegible]
प्रशासन सहायक श्री [illegible]

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०८/२९ गते

## मिति २०८२/०८/२९ गतेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं. १ : जग्गा बर्गीकरण सम्बन्धमा भएको प्रगति समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. १ :** यस गोरखा नगरपालिकामा संघीय सरकारको निर्देशन र विद्यमान कानुन बमोजिम जग्गा बर्गीकरणको प्रक्रिया नापी बिभाग काठमाडौं, जिल्ला स्थित मालपोत कार्यालय र नापी कार्यालयको सहकार्यमा अगाडी बढाउने बिगत आर्थिक बर्षको प्रयास भईरहेको सन्दर्भमा बर्गिकरणको प्रक्रिया अत्यधिक ढिलो भएको महशुस गर्दै यसले जग्गाको कित्ताकाट र राजश्व उठाउने विषयमा समेत रोकावट आइरहेको हुँदा हाल नापी बिभागबाट जग्गाको बर्गीकरण प्रक्रिया अन्तर्गत प्रस्ताव भएका कित्ताहरू सार्वजनिक जानकारी र सुझावको लागि वडा कार्यालयहरुमा पठाउने र सम्भव भएसम्म आवश्यक संशोधन निवेदन लिने र सम्भव भएसम्म संशोधन समावेश गरी कित्ताकाट बिवरणमा सुधार गरी छिटै नै जग्गा बर्गीकरणको प्रक्रिया टुंग्याउने र मसिनो किसिमबाट सुधार गर्नु पर्ने छुटेका कित्ता र कित्ताकाट र बर्गीकरणका बिषयहरुलाई तत्पश्चात कानुनी प्रक्रिया बमोजिम सुधार गर्दै लैजाने निर्णय गरियो।

**प्रस्ताव नं. २ : नगरपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा।**

**निर्णय नं. २ :** यस गोरखा नगरपालिकाको स्थापना साविकको स्थानीय निकायको रुपमा २०५३ साल माघ १५ गते भएकोले उक्त दिन अर्थात प्रत्येक बर्षको माघ १५ गतेलाई नगरपालिकाको स्थापना दिवसको रुपमा स्वीकार गरी आगामी २०८२ साल माघ १५ गते नगरपालिकाको स्थापन दिवसको रुपमा मनाउने र यस क्रममा नगरपालिका स्थापनाको क्रममा सहयोग गर्नुभएका स्थानीय व्यक्तित्वहरु र स्थापनाकाल पश्चातको मुख्य जनप्रतिनिधिको रुपमा कार्यरत महानुभावहरुलाई नगरपालिकाको तर्फबाट सम्मान गर्ने, बिगतमा नगरपालिकाको कामकाजमा खटिएका उत्कृष्ट कर्मचारी एवं नगरपालिकामा कार्यरत रही अवकाश भईसकेका कर्मचारीहरुको सम्मान गर्ने, नगरपालिकामा विभिन्न खेलकुद कार्यक्रम संचालन गर्ने र नगरस्तरीय शैक्षिक मेला संचालन गर्ने निर्णय गरियो। साथै, यस कार्यलाई सहजीकरण गर्न समिति र उपसमिति बनाउने जिम्मेवारी नगरप्रमुखलाई दिने निर्णय गरियो।

२०८२/८/२९
कृष्ण बहादुर राजा मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०८/२९ गते

**प्रस्ताव नं. ३ : मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम छनौट सम्बन्धमा।**

**निर्णय नं ३ :** गण्डकी प्रदेश सरकार मार्फत मुख्यमन्त्री नव प्रवर्तन कार्यक्रम अन्तर्गत प्रस्तावना माग भए बमोजिम सम्भव भएसम्म नगरपालिकाको तल्लो भेगलाई मध्ये नजर गर्दै कृषि तथा पशु जन्य उत्पादन र वितरणमा आधारित नव प्रवर्तनसँग सम्बन्धित कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : बहु क्षेत्रीय पोषण कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।**

**निर्णय नं ४ :** यस गोरखा नगरपालिकामा यस आ.व. २०८२/८३ मा संघीय सरकार मार्फत पोषण मैत्री नगरपालिका घोषण कार्यक्रमको लागि रु. ८२ लाख विनियोजित भएकोमा सो सँग प्रस्तावित कार्यक्रमहरुमा थप छलफल र संशोधन गर्नुपर्ने आवश्यक्ता देखिएकोले कार्यक्रम निर्देशक समितिको बैठकमा थप छलफल गरी टुंगो लगाउन अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : फोहरलाई मोहर बनाउने कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यसै आ.व. २०८२/८३ मा कार्यान्वयनको लागि गोरखा नगरपालिकाले बिशेष अनुदानको रुपमा रु. ४० लाख फोहरलाई मोहर बनाउने कार्यक्रम अन्तर्गत प्रस्ताव सहित माग गरेकोमा बजेट किताबमा छुट हुन गएको तर सो रकम अनुदानको रुपमा प्राप्त हुने र बजेट मा समेत राख्न नगरपालिकालाई निर्देशन भए बमोजिम यस आ.व. मा रु. ४० लाख बजेटमा समेत राखिएको तर हालसम्म पनि बजेटको रुपमा प्राप्त हुन नसकेकोले रकम प्राप्त भए पश्चात फोहरमैला संकलन र प्रशोधन स्थल निर्माण, त्यहाँसम्म जाने पहुँच मार्गको निर्माण, फोहर मैला संकलन र बर्गीकरण प्रक्रियालाई थप परिष्कृत बनाई सफा नगरपालिका बनाउने कार्यहरुमा उक्त रकम खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : योजनाहरु संशोधन सम्बन्धमा।**

**निर्णय नं. ६ :** गोरखा नगरपालिकाको आ.व. २०८२/८३ मा नगरसभाले पारित गरेको बजेटमा वडा कार्यालय तर्फवाट वडा समितिको निर्णय सहित सिफारिश गरेका बिबिध तर्फ, मर्मत सम्भार तर्फ एवं नगर र वडाको योजना मर्ज गर्ने र पछि हुने नगर सभाले अनुमोदन गर्ने गरी निम्न योजनाहरुमा रकमान्तर गर्ने निर्णय गरियो ।

बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रशासकिय अधिकृत

वडा नं. १

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | विविध खेलकुद कार्यक्रम (वडा) | १५००००।- | १ गोरु जुदाई खेल | ५०००० |
| | | | २ राष्ट्रपति रनिङ्ग शिल्डको लागी श्री जनज्योती मा.वि.को लागि व्यवस्थापन खर्च | ४०००० |
| | | | ३ विविध खेलकुँद कार्यक्रम | ६०००० |
| २ | देविस्थान आमा समुह भवन रंङ्गरोगन (वडा) | १०००००।- | ४ देवीस्थान आमा समुह भवन रङ्ग रोगन तथा विविध कार्य. | १००००० |
| ३ | बार्हबिसे मन्दिर मर्मत (वडा) | १०००००।- | बार्हबिसे मन्दिर मर्मत तथा क्रियापुत्री ट्रष्ट भवन निर्माण | २५०००० |
| ४ | बार्हबिसे क्रियापुत्री ट्रष्ट भवन निर्माण (वडा) | १५००००।- | | |

वडा नं. ३

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | तीनधारे बस्नेत गाउँ गोरेटो बाटो (वडा) | २५००००।- | पहरेखोला बस्नेत गाउँ कामी गाउँ सडक बाटो ढलान | २५०००० |
| २ | होल्सिङ् टारी खेत गोरेटो बाटो (वडा) | १५००००।- | होल्सिङ् टारी खेत बाटो ढलान | १५०००० |

वडा नं. ४

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| | हिले खर्क अधुरो भवन ढलान (वडा)<br>हिलेखर्क अधुरो भवन | रु. ५,००,०००<br>रु. | हिलेखर्क अधुरो भवन ढलान संरक्षण, ट्रस निर्माण तथा रंग रोगन | ९,००,००० |

ओमबहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढुंगी ढोंडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन (वडा) | ४,००,००० | | |

<u>वडा नं. ७</u>

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | मर्मत सम्भार (वडा) | ३०००००।- | वडा नं ७ भित्र वाल निर्माण तथा कच्ची सडक सरसफाई कार्य | ३००००० |

<u>वडा नं. ८</u>

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | जनशक्ति महिला भवन मर्मत (वडा) | २५००००।- | जनशक्ति महिला समुह भवन मर्मत तथा अधुरो पुरा गर्ने | ६५०००० |
| २ | जनशक्ति महिला भवन अधुरो पुरा गर्ने (क्रमागत) | ४०००००।- | | |

<u>वडा नं. ९</u>

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | विविध | ६५००००।- | १ महालक्ष्मी मा.वि. लाई भलिवल प्रतियोगिता | ५०००० |
| | | | २ द्रव्य शाह बहुमुखी क्याम्पस मञ्चमा जिप्सन बोर्ड राख्न | ४०००० |
| | | | ३ सिर्दि दलभञ्याङ्ग टोलको कोईराले धारा मर्मत | ५०००० |
| | | | ४ मार्चु गाँउ अधुरो शिव मन्दिर निर्माण | ५०००० |
| | | | ५ वडा कार्यालय आँगन मर्मत तथा | ५०००० |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा, गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालय भित्र गमला निर्माण | |
| | | | ६ वडा नं. ९ का विभिन्न कृषिसडक सरसफाई कार्य | १५०००० |
| २ | ओशन क्लब (वडा) | १५०००० | ८ ओशन क्लब चेन्जिङ् रुम निर्माण | ६५०००० |
| ३ | राष्ट्रिय U-१३ लिग संचालन ८ ओसन क्लब र ओसन क्लव चेंजिंग रुम निर्माण (नगर) | ४००००० १००००० | | |

वडा नं . १०

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | छेवेटार कुखुरे खोला सडक (वडा) | १५००००।- | क्रसर फदिबाट छेवेटार वस्तीमा जाने बाटो निर्माण | १५०००० |
| २ | चाइना क्याम्प पँधेरामा मूल संरक्षण र ट्यांकी मर्मत (वडा) चाइनिज धारा खानेपानी ट्यांकी मर्मत र मूल संरक्षण (नगर) | रु. २००००० रु. २००००० | चाइना क्याम्प पँधेरामा मूल संरक्षण र ट्यांकी मर्मत | रु. ४००००० |
| ३ | चाइना क्याम्प देखि गैरा टोल बाटो स्तरोन्नति | रु. ४००००० | चाइना क्याम्प गैरा गाउँ जाने बाटो स्तरोन्नति | रु. ४००००० |
| ४ | रत्नराज्य मा.वि. | रु. ३००००० | रत्न राज्य मा.वि.मा स्टेज निर्माण | रु. ३००००० |

वडा नं . ११

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | मर्मत संभार | ३०००००।- | १. भर्याङ्ग निर्माण, शौचालयको छत ढलान, वडा परिसर ग्राउण्ड | १५०००० |

कृष्ण बहादुर राजा मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | मर्मत | |
| | | | २. मर्मत संभार | १५०००० |

वडा नं . १२

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | मर्मत सम्भार | ४०००००।- | १. कच्ची मोटर बाटो | २५०००० |
| २ | विविध | ३०००००।- | २. अपुरो योग शिविर हल ट्रस निर्माण | २५०००० |
| | | | ३. योग शिविर ट्रस निर्माण | १००००० |
| | | | ४. विविध | १००००० |
| ३ | छापगाउँ मुनि विपद व्यवस्थापन (नगर) | ५०००००।- | छापगाउँ चम्पेखोला कल्भर्ट निर्माण | ५००००० |

वडा नं . १३

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १. | विविध | ४००००० | १. कर्मसिङ् अमलचौर हुदै पुरण्डी वडा कार्यालय मोटर बाटो | १००००० |
| | | | २. गाउँघर क्लिनिक व्यवस्थापन | ७०००० |
| | | | ३. दरौंदी मर्याङ्गदी दोभान वातावरण संरक्षण समिति हरीबोधनी एकादशी मेला कार्यक्रम | ५०००० |
| | | | ४. रामशाह टोल विकास संस्था तीज गित प्रतियोगीता तथा दरखाने कार्यक्रम | ४०००० |
| | | | ५. पत्रे कुवापानी मुल संरक्षण | ४०००० |
| | | | ६. विविध | १००००० |
| २ | खेलकुँद | २३००००।- | १. रामशाह माध्यमिक विद्यालय | ३०००० |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता यातायात तथा खाना खाजा खर्च | |
| | | | २. खेलकुद | २००००० |
| ३ | कृषकहरुलाई विउविजन तथा सामाग्री वितरण | २०००००।- | मर्स्याङ्दी कृषक समुह आलुको विउ मल विषादी तथा अन्य कृषि सामाग्री वितरण | ५०००० |
| ४ | डाडे कुलो मर्मत (नगर) | २०००००।- | डाडे कुलो निर्माण | २००००० |
| ५ | जलदेवी भगवती मन्दिर अधुरो सम्पन्न (नगर) | २०००००।- | जलदेवी भगवती मन्दिर सम्पन्न | २००००० |
| ६ | मझुवा फेदिवजार टोल विकास भवनमा शौचालय निर्माण (नगर) | १५००००।- | फेदिवजार सामुदायिक भवन ट्रस र शौचालय निर्माण | १५०००० |
| ७ | असलटारी कुलो निर्माण (वडा) | १००००० | भ्यागुतेखोला विरौटा कुलो निर्माण | १००००० |

वडा नं. १४

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम | हाल परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | विविध | ४०००००।- | १. खहरे खोलादेखि मुलपानी सडक रानाचोक देखि ठाडो गल्ली सडक | २९०००० |
| | | | २. विविध | ११०००० |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०८/२९ गते

**प्रस्ताव नं. ७ : संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने सम्बन्धमा ।**

निर्णय नं ७ : मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखराबाट संगठन व्यवस्थापन तथा सर्वेक्षण गरी दरबन्दी संरचनालाई अद्यावधिक गरी पठाउन पत्राचार भए बमोजिम यस गोरखा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यलाई अद्यावधिक गरी मुख्य मन्त्री तथा मन्त्रिपरिषद्कोको कार्यालय पोखरामा अद्यावधिक गर्न पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ८ : राष्ट्रपति रनिंग शिल्ड खेलकुद प्रतियोगितामा नगर स्तरीय खेल प्रशिक्षकको व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ८ : गोरखा नगरपालिकाभित्र जिल्ला स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितामा नगरपालिकाको खेलाडी बिद्यार्थीहरुलाई बन्द सत्रको प्रशिक्षण दिई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराउन प्रशिक्षकको आवश्यकता महशुश भएकोले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा मार्फत जिल्ला खेलकुद संघसँगको समन्वयमा २ जना प्रशिक्षक पहिचान गरी खेलाडीको प्रशिक्षण कार्यलाई अगाडी बढाउने र सो बापत प्रशिक्षकलाई सहायक चौथो (प्रशासनिक) बराबरको १ महिनाको तलव सुबिधा, आवश्यक इन्धन तथा यातायात सुबिधा दिई कार्य गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं ९ : नगर विकास कोषको ऋण रकम सावाँ सहित तिर्ने सम्बन्धमा।**

निर्णय नं. ९ : गोरखा नगरपालिकाले बिगत आर्थिक बर्षमा हरमटारी चोक देखि बिसौनी मोडसम्म फुटपाथ बिस्तार र निर्माण कार्य( Shakti Footp Cons) को लागि लिएको नगर बिकास कोष तर्फको सावाँ र ब्याज सहित रकम भुक्तानी यस बर्ष विनियोजित नगर बिकास कोष तर्फ सावाँ तथा ऋण भुक्तानी शिर्षकबाट एकमुष्ट भुक्तानी गर्ने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
...त्र प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८२/०८/२९ गते

**प्रस्ताव नं १० : ठेक्काको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. १० :** गोरखा नगरपालिका वडा नं. १० स्थित छेवेटारमा गत आ.व. मा कभर्ड हल निर्माण गर्न लगाइएको ठेक्काको म्याद यहि पौष मसान्त सम्म रहेको र निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न हुन् नसकी ३ महिनाको लागि म्याद थप गरिपाउँ भन्ने निवेदन पेश गरेकोले रितपूर्वक ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११ : बेरुजु रकम दाखिला गर्ने सम्बन्धमा।**

**निर्णय नं. ११ :** गोरखा नगरपालिकाको आ.व. २०८१/८२ मा महालेखा परीक्षकको कार्यालयवाट भएको अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनमा इंगित गरिए नदीजन्य पदार्थ र खानीजन्य ढुंगा बिक्री बापत उठेको रकम र रोयल्टीबाट विद्यमान कानुन बमोजिम संघ र प्रदेश सरकारलाई तिर्नुपर्ने मु.अ.कर, अग्रिम आय कर तथा राजश्व बाँडफाँड रकमको लागि नगरपालिकाको बिबिध खर्च खातामा रहेको मौज्दात रकमबाट उक्त रकम दाखिला गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : पेश्की बेरुजु फछ्यौंटको लागि अध्ययन समिति गठन सम्बन्धमा।**

**निर्णय नं १२ :** गोरखा नगरपालिकाको आ.व. २०८२/८२ को अन्तिम लेखा परिक्षणको क्रममा प्राप्त प्रारम्भिक प्रतिवेदनमा औंल्याईएको पेश्की बेरुजुको बिषयमा यस नगरपालिकामा बिगत देखि नै त्यस्ता बेरुजु रहेको र कतिपय बेरुजुहरु कार्य सम्पन्न भईसकेपनि पेश्की बेरुजुकै रुपमा कायम रहेको देखिएकोले गर्दा यस बिषयमा किटान गर्ने, फछ्यौंट हुने किसिमको बेरुजुलाई सिफर्सि: गर्ने, जरिवाना लिनुपर्ने, असुल उपर गर्ने बिषयमा सम्बन्धितलाई बोलाई आवश्यक सोधपुछ गरी थप प्रक्रिया चाल्न सहजीकरण गर्ने र अन्य आवश्यक आवश्यक प्रक्रिया सुझाव दिने प्रयोजनको लागि निम्न समिति गठन गर्ने निर्णय गरियो।

नगरपालिकाको उपप्रमुख- संयोजक

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

कार्यपालिकाको बिषयगत समितिको संयोजकहरु- सदस्य

बिषयगत शाखा प्रमुखहरु —सदस्य

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०८/२९ गते

आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य सचिव

प्रस्ताव नं. १३ : बिबिध ।

निर्णय नं १३ : बिबिध ।

क. प्रहरी कार्यालयको हिरासतमा सामग्री सहयोग सम्बन्धमा : यस गोरखा जिल्ला सदरमुकाम स्थित जिल्ला प्रहरी कार्यालयमा रहेको महिला, बालबालिका हिरासतमा रहने व्यक्तिहरुको सहजता तथा सहजीकरणको लागि प्रहरी कार्यालयबाट सहजता सामग्रीहरु माग भएकोले रु. २ लाख सहयोग गरी उक्त सामग्रीहरु किनेर हस्तान्तरण गरिदिने निर्णय गरियो ।

ख. वडा नं. १४ को विपद तर्फको रकम खर्च अनुमति सम्बन्धमा : गोरखा नगरपालिका वडा नं. १४ मा एक विपदमा परेको घरलाई सहयोगको लागि रु. ५० हजार वडा तर्फकै वार्षिक बजेटमा रकम बिनियोजन भएको र उक्त घर विपद जोखिममा रहेको देखिएको तर जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालय मार्फत घर पुनः निर्माणको लागि लाभग्राही कायम भएर नआएकोले र निज घरवालाको व्यवस्थापनको लागि निर्माण जन्य सामग्रीहरु किन्न र अन्यत्र व्यवस्थापन गर्नको लागि विपद व्यवस्थापन कोषबाट खर्च दिनुपर्ने मा वडा बाट नै बजेट विनियोजन भएकोले सो सामग्री सोही विनियोजित बजेटबाट व्यवस्थापन गर्न लगाउने निर्णय गरियो ।

ग. खेलकुद तर्फ सहयोग सम्बन्धमा: यस गोरखा नगरपालिकाको आ.व. २०८२/८३ मा शिक्षा युवा तथा खेलकुद अन्तर्गत खेलकुद कार्यक्रम सहयोग अन्तर्गत विनियोजित रु. १० लाख शिर्षकवाट नगरपालिकाको बिद्यालय स्तरीय अन्डर १४ एन्फा लिग संचालन सहयोगको लागि जिल्ला फुटवल संघ, गोरखालाई रु १ लाख ५० हजार, जिल्लामा खुल्ला ९ ए क्लव स्तरीय फुटवल प्रतियोगिता संचालनको लागि हरमटारी युवा क्लव गोरखालाई प्रतियोगिता संचालन सहयोग रु. ४ लाख, आरुघाट गाउँपालिकामा आरुघाट युवा क्लव मार्फत संचालन गर्न लागिएको खुल्ला अन्तरपालिका स्तरीय पुरुष र महिला भलिबल भलिबल प्रतिगोगितामा महिलातर्फको टिम सहभागिताको रकम नगरपालिकाबाट खर्च व्यहोर्ने र जिल्ला कराते महासंघ गोरखालाई खेलाडी सहभागी गराई दक्षिण एशियाली बिद्यालय स्तरीय कराते प्रतियोगितामा विजयी गराउन सफल भएकोले खेलाडी सम्मान तथा सहयोग कार्यक्रम स्वरूप जिल्ला कराते महासंघलाई रु ६०,००० सहयोग गर्ने निर्णय गरियो । साथै नगरपालिकाको खेलकुद कार्यक्रम

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रशासकिय अधिकृत

शिर्षक रु. ३ लाख बाट खर्च हुने गरी नगरपालिकाभित्र शिक्षक मैत्रीपूर्ण भलिबल प्रतियोगिता आयोजनाको लागि महालक्ष्मी मा.वि. लक्ष्मी बजारलाई रु. १ लाख २५ हजार सहयोग दिने निर्णय गरियो ।

घ. <u>द्रब्य शाह बहुमुखी क्याम्पसलाई फर्निचर सहयोग सम्बन्धमाः</u> यस गोरखा नगरपालिका वडा नं. ९ स्थित द्रब्य शाह बहुमुखी क्याम्पसले फर्निचर सहयोग माग गरेकोले रु. १ लाख बराबरको आवश्यक फर्निचर खरिद गरी सहयोग गर्ने निर्णय गरियो ।

ङ. <u>सुचना केन्द्र संचालन खर्च साझेदारी सम्बन्धमा :</u> यस नगरपालिकाको बहुउद्देश्यीय भवन परिसरमा पर्यटक सुचना केन्द्र संचालनको लागि आवश्यक व्यवस्था गरिएको र साझेदारीमा उक्त सुचना केन्द्रमा जनशक्ति राखी संचालन गर्न जिल्ला होटेल संघ, गोरखाले मनसाय व्यक्त गरेको हुँदा पर्यटक सुचना केन्द्रमा आवश्यक जनशक्ति व्यवस्थापनको लागि पर्यटन बिभाग, नेपाल पर्यटन बोर्ड, ट्रेकिंग एसोसिएसन अफ नेपाल (टान), मनासलु पर्यटन क्षेत्र व्यवस्थापन समिति लगायतको संस्थाहरुसँग आवश्यक समन्वय गरी संचालन गर्न उक्त होटेल संघलाई अनुमति दिने र आवश्यक खर्च साझेदारी गर्ने र यस बर्ष आवश्यक रकम पर्यटन बर्ष तर्फको खर्चबाट व्यहोरिने निर्णय गरियो ।

च. <u>सर्वेक्षक/गणक पदहरुमा संख्या थप सम्बन्धमा :</u> यस गोरखा नगरपालिकामा यस आ.व. २०८२/८३ मा संघीय सरकार बाट रु. २ लाख, गण्डकी प्रदेश मार्फत रु. २ लाख र नगरपालिकाबाट रु. ५ लाख बिनियोजन गरी खानेपानी तथा सरसफाई स्वच्छता कार्ययोजना निर्माणको लागि घर धुरी सर्वेक्षण गर्ने प्रयोजनको लागि जनशक्ति माग गरिएकोमा समयमा नै कार्य सम्पन्न गर्न थप जनशक्ति आवश्यक भएको भनी शाखाबाट माग भएकोले उपलब्ध भएसम्म यस अघि जनशक्ति माग गरिएको बखत आवेदन गरी बैकल्पिक सुचीमा रहेका गणक तर्फका आवेदकहरुलाई नै नियुक्ति गरी कार्य गर्न लगाउने र बैकल्पिक सुचीमा जनशक्ति नभए थप जनशक्ति माग गरी यसै आर्थिक बर्ष भित्र कार्य सम्पन्न गर्न लगाउने निर्णय गरियो। साथै, सर्वेक्षक पदमा रहेका व्यक्तिको तलव रु. ३०,००० र गणकको तलव रु. २८००० कायम गर्ने निर्णय समेत गरियो ।

छ. <u>खानेपानी योजनाको मर्मत खर्च व्यहोर्ने सम्बन्धमाः</u> गोरखा नगरपालिका वडा नं. १ को बारबिसे लिफ्टिंग खानेपानी र २ अंधेरी खोला जुडी खोलाको लिफ्टिंग खानेपानी योजनाको मोटर बिग्रिएको भनी सम्बन्धित उपभोक्ता समिति र वडा कार्यालयबाट सिफारिश भई आएकोले मर्मत सम्भार शिर्षकबाट आवश्यक मर्मत खर्च सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०८/२९ गते

ञ. गाडी ग्यारेज ट्रस निर्माण सम्बन्धमा : गोरखा नगरपालिकाको कार्यालय परिसरमा गाडी राख्ने ग्यारेजको लागि ट्रस, सामाजिक बिकास शाखा रहेको स्थानमा शौचालय मर्मत, सरकारी वकिल कार्यालय पछाडिको ढल मर्मत तथा नगरपालिकाको सभाहल मर्मत कार्य एकमुष्ट रुपमा रकम बिनियोजन भएको शिर्षक र नपुग रकम मर्मत सम्भार शिर्षकबाट व्यहोरी उक्त कार्य गर्न लगाउने निर्णय गरियो ।

झ. बेलडाँडामा शिलालेख र रोटे पिंग निर्माण सहयोग रकम दिने सम्बन्धमाः गोरखा नगरपालिका वडा नं. ७ स्थित बेलडाँडामा फोहरमैला बिसर्जन स्थलको रुपमा प्रयोग गरे बापत त्यहाको स्थानीय समुदायले स्थानीय दक्षिणकाली मन्दिरमा शिलालेख लेख्न र रोटे पिंग बनाइदिन सहयोग माग गरे बमोजिम नगरपालिकाको सम्बन्धित शीर्षकबाट श्री चन्द्रोदय टोल विकास संस्थालाई रु. २,६०,००० रकम सहयोग गरिदिने निर्णय गरियो ।

ञ. कार्यक्रम, मेला पर्वको खर्च सहयोग रकम भुक्तानी सम्बन्धमाः यस गोरखा नगरपालिकामा विभिन्न समयमा कार्यक्रम, मेला, पर्व, जात्रा बिशेषको अवसरमा आयोजित कार्यक्रम, पुजा,जात्रा व्यवस्थापन लगायतको लागि सहयोग रकम माग भईआएकोले सम्बन्धित लक्षित कार्यक्रमहरु एवं मेला पर्व दिवस सहयोग कार्यक्रम शिर्षकबाट तपसिल बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

गोरखा जेसिस साताव्यापी कार्यक्रम सहयोग रु. ६०,०००
मकै सुकाउने पर्व सहयोग रु. ३५०००
बिरिमकाली मन्दिर पुज्ञ व्यवस्थापन ३५,०००
धन बहादुर राना — १५,०००
वडा नं. ६ को ४ वटा टोल गाइजात्रा मेला प्रतिटोल रु. २०,००० दरले (वडा सँग दोहोरो नपर्ने गरी मात्र) — रु. ८०,०००
नेवारी समाज छेवेटार गाइजात्रा पर्व वडा नं. १० — रु. ५०,०००
नगर इसाई समाज क्रिसमस डे — रु. ५०,०००
ल्होसार कार्यक्रम तामांग समाज- रु. ३०,०००
ल्होसार कार्यक्रम गुरुङ समाज — रु. ४०,०००
ल्होसार कार्यक्रम घले समाज- रु. ३०,०००
माघी मेला मगर समाज- रु. ४०,०००
बाराही सांस्कृतिक परिवार नवमी मेला- २०,०००

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०८/२९ गते

रानाडिही सांस्कृतिक समूह गाइजात्रा मेला- रु. १२,०००
ग्रामीण अपांग तथा दलित उत्थान संघ — रु. २५,००० (दलित कार्यक्रम शिर्षकबाट)
गोरखा नेत्रहीन संघ अपांगता दिवस — रु. २३,००० ( अपांग लक्षित कार्यक्रमवाट)

ट. **ब्याक हो लोडर खरिदको लागि कार्य अगाडी बढाउने सम्बन्धमा:** यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा विनियोजित बार्षिक बजेटबाट ब्याक हो लोडर खरिद प्रक्रियालाई पुनः अगाडी बढाउने निर्णय गरियो ।

ठ. **ज्येस्ठ नागरिक बिश्राम तथा मनोरंजन स्थल र दिवा सेवा केन्द्र संचालन सम्बन्धमा :** यस गोरखा नगरपालिका वडा नं. ८ आमडाँडास्थित तत्कालिन बिद्यालय (हाल बन्द रहेको भवन) भवनमा मर्मत सम्भार गरी ज्येस्ठ नागरिक दिवा सेवा केन्द्र संचालन गर्ने निर्णय गरियो साथै प्राविधिक लागत अनुमान र आवश्यक कार्यको लागि यस बर्ष पर्यटन बर्ष सम्बन्धी खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

ड. **गोरखा उद्योग बाणिज्य संघको भवनमा सभाहल निर्माण सिफारिश सम्बन्धमा :** यस गोरखा नगरपालिका वडा नं. ६ छहरे स्थित उद्योग बाणिज्य संघको भवनमा सभाहल निर्माणको लागि संघीय सरकारबाट रु. १ करोड बिनियोजन भएको र सो आयोजना कार्यान्वयनको लागि गोरखा उद्योग बाणिज्य संघले यो संस्था संगठित संस्था भएको र निजी कार्य भन्दा पनि सामुहिक प्रकृतिको कार्यहरु गर्ने भएकोले आगामी दिनहरुमा पनि यस योजनाबाट संस्थाको भवनमा उक्त बहुउद्देश्यीय भवन बनाउन दिने सहमति दिएको, यस भवनमा अन्य कसैको हकदावी नरहने, भविष्यमा कुनै बिबादहरु सिर्जना नहुने र निर्माणको लागि अन्य सरकारी निकायबाट कुनैपनि दोहोरो स्रोतको प्रयोग नभएको भनी निर्णय गरी पेश गरेकोले यस संस्थागत भवनमा बन्ने बहुउद्देश्यीय सभाहलको स्वामित्व संस्थागत रुपमा उक्त संघको रहने तर यसको उपयोग सरकारी र सार्वजनिक प्रयोजनको लागि गोरखा नगरपालिका र गोरखा उद्योग बाणिज्य संघ बीच आपसी समझदारीमा तय गर्ने गरी भवन निर्माणको लागि सिफारिश गरी पठाउने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुंगी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत